प्रदेश सरकार

लुम्बिनी प्रदेश

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

सिद्धार्थनगर, रुपन्देही

कार्यालय फोन नं. : ०७१ ५२०३०४

निर्देशक :९८५७०१७०८९

Email :iccwdp5@gmail.com

प.सं:-०७८/०७९

च.नं.:- २०२

मिति :- २०७८/९/२१

बिषय : राजपत्र पठाइएको वारे ।

श्री घरेलु तथा साना उद्योग कार्यालय

लुम्बिनी प्रदेश अन्तर्गत सबै (१२ जिल्ला)

प्रस्तुत विषयमा यस प्रदेशको प्रदेश सभावाट प्रदेशको ना सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न वनेको ऐन,२०७८ वाट भएको प्रदेश नं.५ औधोगिक व्यवसाय ऐन, २०७५ , प्राइभेट फर्म दर्ता ऐन, २०७६ तथा साझेदारी ऐन २०७६ मा भएको संशोधन सम्बन्धि प्रदेश राजपत्रमा प्रकाशित सूचना यसै साथ संलग्न राखि पठाईएको छ । सोही बमोजिम गर्नु गराउनु हुन जानकारी गराईन्छ ।

यम बहादुर कुँवर

निर्देशक

निर्देशक

# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, पुस १३ गते, २०७८ साल (अतिरिक्ताङ्क ३१

## भाग १

### प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७८ सालको ऐन नं ०७

**<u>प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८</u>**

**प्रस्तावना:** प्रचलित प्रदेश ऐनमा उल्लेख भएको प्रदेशको नाम सुधार गर्न र केही प्रदेश ऐनमा सामयिक सुधार गरी संशोधन गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश नं. ५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा संशोधन :** प्रदेश नं. ५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५ प्रदेश सरकारको"** भन्ने शब्दहरुको सट्टा **"प्रदेशको"** भन्ने शब्द राखिएको छ।

(२) प्रस्तावनामा रहेका **"नेपालको संविधानको धारा ५९ र २१३ बमोजिम प्रदेश नं. ५ प्रदेश सभाले यो ऐन बनाएको छ"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

**"(१) यस ऐनको नाम "प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४" रहेको छ ।"**

(४) दफा २ को खण्ड (ढ) झिकिएको छ ।

३. **प्रदेश नं. ५ का सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ मा संशोधन:** प्रदेश नं. ५ का सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेका **"प्रदेश नं. ५ का"** भन्ने शब्दहरुको सट्टा **"प्रदेशका"** भन्ने शब्द राखिएको छ।

(३) खण्ड (झ) मा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा ३ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५ मा"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशमा"** भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ७ को उपदफा ६ को खण्ड (क) मा रहेका **"प्रदेश निजामती"** भन्ने शब्दहरु पछि **"सेवा र स्थानीय तहको"** भन्ने शब्दहरु राखिएका छन् ।

३३. **प्रदेश नं. ५ औधोगिक व्यवसाय ऐन, २०७५ मा संशोधनः-** प्रदेश नं. ५, औधोगिक व्यवसाय ऐन, २०७५ को,-

(१) लामो शीर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा १८ को उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ) र (ट) को सट्टा देहाय बमोजिमका खण्डहरु (क), (ग), (घ), (ङ) र (ट) राखिएका छनः-

**"(क) मन्त्री, मन्त्रालय- अध्यक्ष"**

**"(ग) सचिव, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय- सदस्य"**

**"(घ) सचिव, कृषि तथा भूमि व्यवस्था विषय हेर्ने मन्त्रालय- सदस्य"**

**"(ङ) सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय- सदस्य"**

**"(ट) सचिव, मन्त्रालय- सदस्य सचिव"**

(५) अनुसूची-६ को-,

(क) क्रम संख्या २. मा रहेका **"अनलाइन गेमिङ्ग"** भन्ने शब्दहरु पछि **"रोबोटिक थियटर"** भन्ने शब्दहरु थपिएका छन् ।

(ख) क्रम संख्या ३ मा रहेका **"बन्जी जम्पिङ्ग"** भन्ने शब्दहरु पछि **"जिप लाइन"** भन्ने शब्दहरु थपिएका छन् ।

३४. **प्रदेश नं. ५ को प्रदेश पदक ऐन, २०७६ मा संशोधनः-** प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६ को,-

(१) लामो शीर्षकमा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(२) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५, को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १ को उपदफा (१) मा रहेका **"प्रदेश नं. ५"** भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

**"(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।"**

(५) दफा ४ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) को सट्टा देहायको खण्ड (क), (ख), (ग), (घ) र (ङ) राखिएको छः-

**"(क) मन्त्री, मन्त्रालय- अध्यक्ष"**

"(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सदस्य"

"(ग) सचिव, प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालय- सदस्य"

"(घ) सचिव, प्रदेश सरकारको कानून हेर्ने मन्त्रालय- सदस्य"

"(ङ) राष्ट्रिय जीवनमा उल्लेखनीय योगदान पुर्याएका प्रदेशभित्रका व्यक्तिहरु मध्ये प्रत्येक वर्ष समावेशी सिद्धान्तका आधारमा मन्त्रिपरिषद्ले तोकेका एक जना महिला सहित दुई जना- सदस्य"

"(च) सचिव, मन्त्रालय- सदस्य सचिव"

३५. **प्राइभेट फर्म दर्ता ऐन, २०७६ मा संशोधन:-** प्राइभेट फर्म दर्ता ऐन, २०७६ को,-

(१) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ५ को उपदफा (२) मा रहेका **"एक बर्ष भित्र"** भन्ने शब्दहरुको सट्टा **"तीन बर्ष भित्र"** भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (२) पछी देहायको उपदफा (३) थपिएको छ :-

**"(३) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरण नहुने प्राइभेट फर्म स्वतः खारेज हुनेछ र त्यस्तो फर्मले बुझाउनु पर्ने बाँकी रकम सरकारी बाँकी सरह त्यस्तो फर्मको फर्मधनीबाट असुल उपर गरिनेछ ।"**

३६. **साझेदारी ऐन, २०७६ मा संशोधन:-** साझेदारी ऐन, २०७६ को,-

(१) प्रस्तावनामा रहेका **"प्रदेश नं. ५ को"** भन्ने शब्दहरुको सट्टा **"लुम्बिनी प्रदेशको"** भन्ने शब्दहरु राखिएका छन् ।